**अनुसूची- २**

**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड-२, संख्या-५, मिति-२०७५/०१/३१**

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका
## आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

**प्रस्तावनाः**

राष्ट्रिय विकास गर्न सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा समयसापेक्ष आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसांधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त, अनिवार्य तथा निःशुल्क एवं वालमैत्री विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,"नेपालको संविधान (२०७२) को धारा २२६ ले दिएको अधिकार तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को परिच्छेद ३ (१.१) को (ज) वमोजिम मोदी गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन मोदी गाउँपालिका भर लागू हुनेछ ।
(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

(क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्ष उमेर पार गरेका बालबालिकाहरुलाई दिने एक बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्दछ ।
(ख) अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका व्यक्तिहरुलाई दिइने शिक्षा सम्झनुपर्नेछ ।
(ग) "अभिभावक" भन्नाले विद्यार्थीको बाबु, आमा, घर तर्फको बाजे, बज्यै सम्झनुपर्छ ।
(घ) "संरक्षक" भन्नाले विद्यार्थीको लालनपालन र पठनपाठनमा सहयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।
(ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा तीन, बाल शिक्षा देखि पाँच कक्षा सम्म, बाल शिक्षा देखि आठ कक्षा सम्म दिइने शिक्षा सम्झनुपर्छ ।
(च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिकालाई सम्झनुपर्छ । यो शब्दले गाउँ कार्यपालिकालाई समेत जनाउनेछ ।

(ज) "गाउँ सभा" भन्नाले मोदी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(झ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) "शिशु विकास केन्द्र" भन्नाले तीन बर्ष उमेर पार गरेका बालबालिकाहरुलाई दिने एक बर्षको शिक्षा भन्ने बुझिन्छ ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ठ) "प्राविधिक तथा ब्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ड) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झिनुपर्दछ :

अ. दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपांगता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतीको अधिनमा रही दिइने शिक्षा,

आ. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा

(ढ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झिनु पर्छ ।

(त) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(न) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(प) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(फ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ब) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

(भ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अनतर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(म) माध्यमिक शिक्षा परीक्षा भन्नाले कक्षा १० को अन्त्यमा लिइने परीक्षा लाई सम्झनु पर्छ ।

(य) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा भन्नाले माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा जनाउँछ ।

(र) स्थानीय पाठ्यक्रम विकास केन्द्रः गाउँपालिकाले गठन गरेको स्थानीय पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्नेछ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले नीजि शैक्षिक गुठीअन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार अनुमति दिइनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालना गरेको देखिएमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्यय सम्पत्ति लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

(११) विद्यालय सञ्चालन तोकिए वमोजिम हुनेछ ।

४. **परीक्षाको सञ्चालन :** विभिन्न तहको शिक्षा उत्तिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ

५. **माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, नैतिक शिक्षा, संस्कृत शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, नैतिक शिक्षा र संस्कृत शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको राष्ट्रिय पाठ्यक्रमको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

**९. गाउँ शिक्षा समिति:**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) | गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक | सदस्य |
| (घ) | गाउँपालिकाले मनोनित गरेको गाउँ सभाका महिला सदस्यहरु मध्येबाट एकजना | सदस्य |
| (ङ) | गाउँपालिकाभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| (च) | समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँपालिकाले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुईजना | सदस्य |
| (छ) | शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका आधारभुत तथा माध्यमिक तहका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एकजना महिला सहित दुई जना | सदस्य |
| (ज) | निजि तथा आवासीय विद्यालयका संस्थापक वा प्रिन्सिपल मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना | सदस्य |
| (झ) | गाउँ शिक्षक महासंघको अध्यक्ष | सदस्य |
| (ञ) | गाउँपालिकाको स्रोत केन्द्र अर्न्तगतको स्रोत व्यक्ति मध्ये एक जना | सदस्य |
| (ट) | गाउँपालिकाको गाउँ शिक्षा अधिकृत | सदस्य सचिव |

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति दिने, स्वीकृति दिने, विद्यालय सार्ने, गाभ्ने सम्बन्धि कार्यहरु गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परिक्षालाई मर्यादित र व्यवस्थित वनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको लागि विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको नामावलीबाट लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) विद्यालयका समस्याहरुमा आवश्यकता अनुसार मध्यस्थता गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ट) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(द) माध्यमिक तहसम्मको प्राबिधिक शिक्षा संचालन तथा व्यवस्थापन गर्ने ।

(ध) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक शिक्षकलाई समुदायद्वारा संचालित अर्को बिद्यालयमा समायोजित गर्ने ।

(न) सामुदायिक तथा संस्थागत विद्यालयको समुह बिभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने

(प) सामुदायिक विद्यालयको लागि बितरण गरिएका दरबन्दी मिलान शैक्षिक सत्रको अन्तिममा मिलान गर्ने ।

(ब) बिद्यालयमा प्रधानाध्यापक सम्वन्धि विवाद भइ असामान्य अवस्था सृजना भएमा वडा शिक्षा समितिको सिफारिसमा प्र.अ. को अन्तिम टुङ्गगो लगाउने ।

(भ) पालिका स्तरीय अतिरिक्त तथा विविध शैक्षिक कार्यक्रम र खेलकुद संचालन गर्ने ।

(म) अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने ।

(५) गाउँ शिक्षा अधिकृत :

(१) गाउँपालिकामा कार्यरत गाउँ शिक्षा अधिकृत गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहनेछ ।

(२) गाउँ शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकामा शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

ख. शिक्षा सम्बन्धि गाउँ स्तरीय योजना गाउँ सभाबाट पारित गराई कार्यान्वयन गर्ने ।

ग. शिक्षाको गुणस्तर बढाउनको लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको बैठक, गोष्ठी तथा तालिमको व्यवस्था गर्ने

घ आधारभूत तह उत्तिर्ण परीक्षाको अन्त्यमा लिईने परीक्षा संचालन गर्ने गराउने

च. विद्यालयको अन्तिम परीक्षाको अभिलेख प्रश्नपत्र, उत्तरपुस्तिका झिकाई जाँच गर्ने गराउने

छ. विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्यांकन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका आवश्यक अन्य काम गर्ने गराउने

ज. विद्यालय र शिशु विकास केन्द्रको निरीक्षण गर्ने गराउने

झ. स्रोत केन्द्रबाट विद्यालयको सुपरीवेक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप संचालन गर्ने गराउने

ञ. विद्यालयले स्वीकृत पाठयक्रम पाठ्यपुस्तक लागु गरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने

ट. गाउँपालिकाको बार्षिक शैक्षिक तथ्यांक संकलन, विश्लेषण र प्रकाशन गर्ने

ठ. सामुदायिक विद्यालयका शिक्षकहरुको तलबी प्रतिबेदन पारित गराउने

ड. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने

ढ. विद्यालयको बार्षिक शैक्षिक कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने

ण. विद्यालयको विकासको लागि विद्यालय व्यवस्थापन समिति र स्थानीय शिक्षा प्रेमीसंग सम्पर्क र आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने

त. शिक्षकहरुको कार्यक्षमता मूल्यांकन गरी त्यसको अभिलेख राख्ने राख्न लगाउने

थ. विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने

द. विद्यालय समायोजनको लागि आवश्यक विद्यालय समायोजन निर्देशिका बमोजिम गाउँपालिकाबाट कार्यबिधि पास गरेमा आवश्यक व्यवस्था मिलाउने ।

न. विद्यालयको नक्सांकन, समायोजन, कक्षा र तह थप तथा नियमन गर्ने । यो कार्य वडा शिक्षा समितिको सिफरिशमा गरिनेछ ।

प. सामुदायिक विद्यालयलाई प्राप्त संपूर्ण बजेट व्यवस्थापनमा वित्तिय अनुशासन कायम राख्न अनुगमन तथा नियमन गर्ने गराउने

**१०. शिक्षा अनुगमन समिति :**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँ कार्यपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) | गाउँ कार्यपालिकाको सदस्यहरु मध्ये शिक्षा हेर्ने प्रमुख | सदस्य |
| (ग) | गाउँ सभाका सदस्यहरुमध्येबाट गाउँ कार्यपालिकाले तोकेको एकजना | सदस्य |
| (घ) | गाउँ शिक्षा समितिले तोकेको पूर्व शिक्षकहरुमध्येबाट एक जना | सदस्य |
| (ङ) | गाउँ शिक्षा समितिले तोकेको लेखा सम्बन्धी ज्ञान भएका मध्ये एक जना | सदस्य |
| (च) | गाउँपालिका शिक्षक महासंघको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (छ) | गाउँ शिक्षा समितिले तोकेको नीजि तथा आवासिय विद्यालय संगठनको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ज) | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले मनोनीत गरेको एक जना | सदस्य |
| (झ) | विद्यालय निरीक्षक/श्रोत ब्यक्ति | सदस्य सचिब |

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**११. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१२. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१३. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१४. शिशु विकास केन्द्र/प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले शिशु विकास केन्द्र र प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन वा भौतिक संरचना निर्माण गर्न सक्नेछ ।

## १५. शिशु विकास केन्द्र/प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः

शिशु विकास केन्द्र/ प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १६. विद्यालय व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति | अध्यक्ष |
| (ख) | अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना | सदस्य |
| (ग) | विद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको व्यक्ति एकजना | सदस्य |
| (घ) | विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना | सदस्य |
| (ङ) | विद्यालयका शिक्षकले आँफूहरु मध्येबाट छानी पठाएको एक जना | सदस्य |
| (च) | विद्यालयको प्रधानाध्यापक | सदस्य-सचिव |

(छ) विद्यालयको बालक्लबबाट एक जना छात्रा पर्ने गरी २ जना विद्यार्थीहरु आमान्त्रित सदस्य रहने छन् ।

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आवद्धहरु मध्ये वडा शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य रहनेछ ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु रहनेछन् ।

(४) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समिति स्वयंले गर्नेछ ।

(५) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्ति | अध्यक्ष |
| (ख) | सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्य १ जना | सदस्य |
| (ग) | अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सदस्य सहित दुई जना | सदस्य |
| (घ) | स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सदस्य सहित दुई जना | सदस्य |
| (ङ) | सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतव्यक्ति | सदस्य |
| (च) | सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना | सदस्य |
| (छ) | विद्यालयको प्रधानाध्यापक | सदस्य-सचिव |

(७) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीनवर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,
(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने;
(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षक कर्मचारीलाई कामकाजमा लगाउने ।
(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;
(झ) तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,
(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,
(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,
(ठ) आचारसंहिता विपरित काम गर्ने शिक्षक कर्मचारी उपर कारवाही गर्ने तथा थप विभागीय कारवाहीको लागि गाउँ शिक्षा समितिमा सिफारिश गर्ने ।
(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पीरश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;
(ढ) विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई तालिमको लागि छनौट गर्ने
(ण) शिक्षक कर्मचारीको सेवाको सुरक्षा र संबर्द्धन गर्ने ।
(त) गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,
(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,
(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,
(ङ) विद्यालयले गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,
(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,
(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केललाई आधार मानी शिक्षकलाई तलब दिने,
(ज) आचारसंहिता विपरित काम गर्ने शिक्षक कर्मचारी उपर कारवाही गर्ने तथा थप विभागीय कारवाहीको लागि गाउँ शिक्षा समितिमा सिफारिश गर्ने ।
(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्रसंग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने;
(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति, शिक्षा अनुगमन समिति, गाउँ शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाइ गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो मनासिब सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन तथा ऐन वमोजिम नियमावली जारी भए पछि सबै विद्यालयहरुले बढिमा एक महिनाभित्र यस ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरि सक्नु पर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिना सम्मको समयावधी थप गर्न सक्नेछ । तर, गठन भईसकेका विद्यालय व्यवस्थापन समितिको अवधि समाप्त भएपछि मात्र यो उपदफा लागू हुनेछ ।

## १८. शिक्षक अभिभावक संघ

शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १९. विद्यालयको विनियमः

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विनियम आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत् गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न सक्नेछन ।

## २०. वडा शिक्षा समिति :

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | वडा समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) | वडा समितिका सदस्यहरु मध्ये वडा समितिको बैठकले तोकेको एक जना | सदस्य |
| (ग) | वडा समितिले तोकेको विद्यालयको प्रधानाध्यापक वा शिक्षक एकजना महिला सहित दुई जना | सदस्य |
| (घ) | विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिको बैठकले तोकेको एक जना | सदस्य |
| (ङ) | वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना महिला सहित २ जना | सदस्य |
| च) | संस्थागत विद्यालयका प्र.अ. वा शिक्षक मध्येवाट प्रतिनिधी १ जना | सदस्य |
| छ) | वडा वाल सञ्जालको अध्यक्ष १ जना | सदस्य |
| ज) | सम्वन्धीत क्षेत्रको स्रोत व्यक्ति १ जना | सदस्य |
| (झ) | वडा सचिव | सदस्य सचिव |

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## २१.गाउँपालिका शिक्षा विकास कोष :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पु¥याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको
लागि गाउँपालिका स्तरमा एक गाउँपालिका शिक्षा विकास कोष रहनेछ ।
(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-
(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) गाउँ पालिकाबाट प्राप्त अनुदान रकम,
(घ) संस्थागत विद्यालयबाट प्राप्त हुने तोकिएबमोजिमको रकम
(ङ) चन्दाबाट प्राप्त रकम,
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२२. कोष सञ्चालक समितिः**

(१) गाउँपालिका शिक्षा विकास कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।
(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।
(३) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पु¥याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि वडा स्तरमा एक वडा शिक्षा विकास कोष रहनेछ । यस कोषको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-
(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) सहयोग तथा अन्य स्रोतबाट प्राप्त रकम ।
(२) उपदफा (१) को (ग) संस्थागत विद्यालयको हकमा मात्र लागु हुनेछ ।
(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२४. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१)गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**ः

गाउँपालिकाभित्र हाल सञ्चालन भइरहेका विद्यालयहरुको भौगोलिक विशिष्टता, विद्यार्थी संख्या र भौतिक संरचना, विद्यालय क्षेत्रको वातावरण, प्रदुषण जोखिम निर्धारण गरि नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिँदा तोकिएको बमोजिम हुनेछ ।

**२६. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा वा सामुदायिक प्रयोगमा नआउने भएमा वडा शिक्षा समितिको सिफारिसमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित वडा शिक्षा कोषमा जम्मा गर्नेछ । वडा शिक्षा कोष तोकिए बमोजिम हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

(६) विद्यालयले प्रयोग गरेको सार्वजनिक/प्रति जग्गालाई विद्यालयको नाममा गराउने प्रक्रिया अगाडी बढाइने छ ।

**२७. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुरलाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२८. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२९. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३०. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वालमैत्री तथा अपांगमैत्री वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३१. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले शैक्षिक गुणस्तर अभिबृद्धिको लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सेवा, सुविधा र व्यवस्थापनको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**३२. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले सेवाबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा,

(छ) शिक्षक वा कर्मचारीहरुले व्यवसायिक हक हितका नाममा छदम रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

**३३. स्थायी आवासीय अनुमति लिन नहुने :**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३४. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३५. शिक्षक-विद्यार्थी अनुपात मिलाउनु पर्ने :** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा बढिमा ३ महिना खटाउन सकिने छ ।

**३७. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ३२ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३८. शिक्षकको नियुक्ति र सरुवाः**

**(क) शिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

(१) सरुवा हुन आवेदन दिन दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयका व्यवस्थापन समिति र सरुवा हुने विद्यालयका व्यवस्थापन समितिका सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिए बमोजिमका प्रकृया अपनाइ रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ । तर आवश्यकताको आधारमा विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सिफारिशमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्ने छ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी अन्तर स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(३) गाउँपालिका भित्र रिक्त दरबन्दीको २५ प्रतिशत भित्र रही जिल्ला बाहिरको शिक्षकलाई आवश्यक प्रक्रिया गरी सरुवा गर्न सकिने छ ।

(४) सरुवा सम्बन्धि कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**३९. दरवन्दी मिलानः**

तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको बिद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्ने छ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, जेहेन्दार, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी छात्रावृत्ति प्राप्त बिद्यार्थीलाई गाउँपालिकाले उच्च शिक्षा अध्ययनका लागि अन्य छात्रवृत्ति प्राप्त गर्नका लागि पनि सिफारिस गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको प्रतिनिधि, स्रोतव्यक्ति र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३)समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

**४१. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : दफा ३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४२. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको सँख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क. विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने छ ।

ख. व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभूत तह (१-५) प्राथमिक तहको प्र.अ.को हकमा शिक्षा शास्त्र बिषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभूत तह (१-८) तहको हकमा कम्तीमा शिक्षाशास्त्रमा स्नातक तह वा सो सरह, माध्यामिक तहको विद्यालयको हकमा शिक्षा शास्त्र बिषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट दरखास्त आह्वान गर्ने छ । तर, कक्षा १२ संचालित विद्यालयको

हकमा शिक्षा शास्त्र संकायमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको व्यक्ति मात्र प्र.अ.पदमा उमेदवार हुन पाउने छ ।

ग. उपदफा (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्याद भित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्ने छ ।

घ. उपदफा (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनोट समिति समक्ष पठाउने छ ।

ङ. उपदफा (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनोट समितिले प्र.अ. व्यवस्थापनका आधारमा मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई प्र.अ.को पदमा नियुक्ति गर्न वि.व्य.स. समक्ष सिफारिस गर्नु पर्नेछ । तर, ६० अंक प्राप्त नगर्ने उम्मेद्वारलाई प्र.अ.को पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

च. यसरी नियुक्त भएको प्र.अ.को पदावधि ५ बर्षको हुने छ र निज पुनः सो पदमा नियुक्त हुन सक्ने छ ।

छ. प्र.अ.ले आँफूले गरेको कार्य दक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नरहेको वा निजको कारणले विद्यालयमा असामान्य अवस्था सृजना भएमा विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले निजलाई प्र.अ.को पदबाट जुनसुकै बेला हटाउन सक्ने छ ।

ज. उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिम प्र.अ.लाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(३) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये तोकिएको योग्यता पुगेका बरिष्ठतम स्थायी शिक्षकले वढीमा एक वर्ष निमित्त प्रधानाध्यापक भई काम गर्ने छ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्ने छ ।

(५) प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्ने छ ।

(६) प्र.अ. सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(७) विद्यालयमा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४३. शिक्षक छनोट समिति

विद्यालयमा करारमा शिक्षक नियुक्तिका लागि एक शिक्षक छनोट समिति रहने छ । सो समितिमा एक जना अध्यक्ष सहित तीन जना सदस्यहरु रहनेछन् । सो समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## ४४. परीक्षा र नियन्त्रण सम्बन्धि व्यवस्थाः

क) सिकाई उपलब्धि परीक्षण

१) प्राथमिक शिक्षा सिकाई उपलब्धि परीक्षण सम्बन्धि व्यवस्था आधारभूत तहका कक्षा ३ र ५ का विद्यार्थीहरुको सिकाई उपलब्धि परीक्षण गर्नको लागि प्रत्येक गाउँपालिका अन्तरगत रहेको स्रोत केन्द्रमा देहाय बमोजिम एक सिकाई उपलब्धि परीक्षण समिति रहने छ ।

१. स्रोत केन्द्र रहेको विद्यालयको प्रधानाध्यापकः अध्यक्ष

२. गाउँपालिका अन्तरगत रहेका विद्यालयका शिक्षकहरु मध्येबाट सबै तहका शिक्षकहरुको प्रतिनिधत्व हुने गरी कम्तीमा एक जना महिला सहित सिकाई उपलब्धि परीक्षण समितिका अध्यक्ष तथा सदस्य सचिबको सिफारिसमा सम्बन्धित गाउँ शिक्षा अधिकृतले मनोनित गरेका २ जनाः सदस्य

३. वडा शिक्षा समितिको प्रतिनिधि १ जना सदस्य

४. सम्बन्धित स्रोत व्यक्तिः सदस्य सचिव

२) सम्बन्धित सदस्यहरुको पदावधि २ बर्षको हुने छ ।

ख) **आधारभूत तह उत्तिर्ण परीक्षाको परीक्षा तथा नियन्त्रणः**

१) आधारभूत तह उत्तिर्ण परीक्षाको परीचालन र नियन्त्रणको लागि देहाय बमोजिमको आधारभूत तह उत्तिर्ण परीक्षा समिति रहने छ ।

क. गाउँ शिक्षा अधिकृत : अध्यक्ष

ख. आधारभूत र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी एक जना महिला सहित गाउँ शिक्षा अधिकृतले मनोनित गरेका ३ जनाः सदस्य

ग. संस्थागत विद्यालय मध्येबाट गाउँ शिक्षा अधिकृतले मनोनित गरेको प्र.अ/शिक्षक प्रतिनिधि १ जनाः सदस्य

घ. गाउँपालिकाको सामाजिक विकास समितिको शिक्षा हेर्ने सदस्यः सदस्य

ङ. सम्बन्धित गाउँपालिकाको स्रोत व्यक्तिहरुमध्येबाट परीक्षा हेर्ने गरी तोकिएको स्रोत व्यक्तिः सदस्य सचिव

२. यसरी मनोनित गरीएका सदस्यहरुको पदावधि ३ बर्षको हुने छ ।

३. परीक्षा समितिले सम्बन्धित बिषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

४. परीक्षा समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४५. स्रोत व्यक्ति सम्बन्धमा**

क. स्रोतव्यक्ति करार नवीकरण सम्झौता गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँ शिक्षा अधिकृतले गर्नेछ ।

ख. स्रोत व्यक्ति सम्बन्धि अन्य कार्यबिधि तोकिए बमोजिम हुने छ ।

**४६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(३) संविधान प्रदत्त वालवालिकाको हकलाई पूर्ण पालना गरिने छ ।

**४७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षावा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. प्रगति विवरण बुझाउनु पर्ने** : विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको प्रगति विवरण गाउँ शिक्षा अधिकृत समक्ष बुझाउनु पर्नेछ ।

**४९. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।
(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,
(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।
(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दादायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**५०. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**५१. साझेदारीमा विद्यालय संचालन गर्न सकिनेः**

(१) नेपाल सरकारले सामुदायिक विद्यालय, संस्थागत विद्यालय र शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालय तथा एक भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अर्न्तगत संचालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय संचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमका विद्यालय व्यवस्थापन समितिको कर्तव्य र अधिकार, साझेदारीका तरीका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५२. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँशिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५३. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**५४. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५५. पुरस्कारः** विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, कर्मचारी र विद्यार्थीहरुले उत्कृष्ठ नतिजा हासिल, उल्लेखनिय कार्य गरेवापत पुरस्कृत गरिनेछ । पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५६. अस्थायी शिक्षक हित कोषः** अस्थायी शिक्षक हित कोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५७. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यस अघि कानून वमोजिम *नियुक्त* शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

**प्रमाणीकरण मिति : २०७५/१/३१**

**आज्ञाले,**
**कुमान सिंह गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**